# ह्याचरीको मापदण्ड, २०६२

भेटेरिनरी गुणस्तर तथा औषधी व्यवस्थापन कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ ।

# ह्याचरीको मापदण्ड

(पशु सेवा विभागको मिति २०६२।०७।०४ को निर्णय अनुसार स्वीकृत)

## क्षेत्र (Scope):

यस ह्याचरीको मापदण्डमा ह्याचरीको आचार संहिता (Code of Practice) समावेश गरिएको छ ।

### ह्याचरी भवनः

१. ह्याचरी भवन भौगोलिक दृष्टिकोणबाट उपयुक्त हुने ठाँउ, रोग निवारण गर्न सकिने गरि घनाबस्ती भन्दा टाढा रहनुपर्ने छ । भवनमा हावाको वहने दिशालाई समेत दृष्टिगत गरिएको हुनु पर्नेछ । वातावरणीय हिसावबाट उपयुक्त हुने स्थानमा ह्याचरी भवन हुनु पर्नेछ ।

२. अण्डा लिने देखि चल्ला वितरण गर्ने दिशातिर मात्र हावा वहने अध्ययन गरी भवन तथा यसका कोठाको निर्माण गरिएको हुनु पर्नेछ ।

३. ह्याचारीभवन भित्र न्युनतम निम्न सुविधाहरु छुट्टा छुट्टै हुनु पर्नेछ ।
   - (क) अण्डा संकलन, ग्रेडिङ, भण्डारण र संरक्षण गर्ने कोठा
   - (ख) अण्डाको ट्रे राख्ने कोठा
   - (ग) अण्डा सेटीङ गर्ने कोठा
   - (घ) ह्याचिङ गर्ने कोठा
   - (ङ) चल्ला छान्ने, भालेपोथी छुट्याउने र चल्लालाई बाकसमा प्याकिङ गर्ने कोठा ।
   - (च) अण्डा, चल्ला राख्ने बाकस, अण्डा राख्ने ट्रे, औषधी राख्ने कोठा ।
   - (छ) उपकरणहरु सफागर्ने र फोहरमैला तह लगाउने सुविधा
   - (ज) भेन्टीलेसनको उचित व्यवस्था भएको ।
   - (झ) फ्युमीगेसनको व्यवस्था भएको ।
   - (ञ) कार्यालय तथा कामदारहरुको लागि छुट्टै कोठा ।
   - (ट) कामदारहरुलाई कपडा बदल्ने कोठा ।
   - (ठ) सौचालयको व्यवस्था
   - (ड) स्नान कक्ष
   - (ढ) चमेना गृह

४. ह्याचरी भित्र जङ्गली चरा, जङ्गली जनावर तथा घरपालुवा जनावर, किरा, फट्याङग्रा, भिङ्गा, मुसा प्रवेश गर्न नसक्ने हुनु पर्नेछ ।

### ह्याचरी भवनको सरसफाई तथा जैविक सुरक्षाः

१. ह्याचरी भवनको वरिपरि पर्खाल वा तारबार गरेको हुनु पर्नेछ । गेटमा पाले राखिएको हुनु पर्नेछ ।

२. जङ्गली चरा, जङ्गली जनावर तथा घरपालुवा जनावर समेत ह्याचरी भवन क्षेत्र भित्र प्रवेश गर्न नसक्ने हुनु पर्नेछ । झिङ्गा नियन्त्रण गर्ने व्यवस्था हुनु पर्नेछ ।

३. ह्याचरीका सबै उपकरण तथा औजारहरुलाई सफा गर्ने तथा उचित तरिकाले निःसंक्रमण गर्ने व्यवस्था हुनु पर्नेछ ।

४. सामान फाल्ने र राम्रो ढलको व्यवस्था हुनु पर्नेछ ।

५. ह्याचरी क्षेत्र ह्याचरीवाट निस्कने फोहर तथा अन्य फोहरवाट मुक्त हुनु पर्नेछ ।

६. मरेका चल्लाहरुलाई नष्ट गर्न वा उपयुक्त तरीकाले गाड्ने वा तह लगाउने व्यवस्था हनु पर्नेछ ।

## आगन्तुक र कर्मचारीहरुको सरसफाईको लागि व्यवस्थाः

१. आगन्तुकको अनावश्यक प्रवेश निषेध गरिएको हुनु पर्नेछ ।
२. ह्याचरीभित्र सफा कपडा, टोपी, मास्क, एप्रोन र जुत्ता सबैलाई छुट्टा छुट्टै प्रदान गरिनु पर्नेछ ।
३. आगन्तुक र कर्मचारीको लागी फुटबाथको व्यवस्था हुनु पर्नेछ । त्यस्तो फुटबाथलाई आवश्यकता अनुसार दिनमा दुई तिन पटक बदलिरहनु पर्नेछ ।
४. सावुनपानीले आवश्यकता अनुसार पटक पटक हात धुनु पर्नेछ ।
५. आगन्तुकहरुलाई कुखुरा तथा कुखुराबाट उत्पादित वस्तुसंग सोझै सम्पर्कमा आउन दिनु हुदैन ।

## अण्डा तथा चल्ला ह्याण्डलिङ सम्बन्धी व्यवस्थाः

१. ह्याचरीमा अण्डा तथा चल्लासंग काम गर्ने व्यक्तिले काममा लाग्नु भन्दा अगाडी सावुनपानीले हात धुनु पर्नेछ । साथै सफा कपडा तथा जुत्ता बदल्नु पर्नेछ ।
२. भाले पोथी चल्ला छुट्टाउने कर्मचारीहरुले पनि काम थाल्नु भन्दा अगाडी कपडा बदल्ने, जुत्ता फेर्ने तथा सावुनपानीले हात धोएपछि निःसंक्रमण गरेको हुनु पर्नेछ । उक्त कार्यहरु प्रत्येक ब्याचमा (ब्याच भन्नाले एक पटक सेटीङ गरेको अण्डाबाट निस्केका चल्लाहरु भनी बुझ्नु पर्दछ) दोहऱ्याउनु पर्नेछ ।
३. चल्लाहरुलाई ह्याचरीवाट बाहिर पठाउदा नयाँ, सफा, निःसंक्रमण वा फ्यूमिगेसन गरेको चल्ला राख्ने बाकसमा राखी पठाउनु पर्नेछ । एक पटक प्रयोग भैसकेको बाकस पुनः प्रयोग गर्नु परेमा निःसंकमण गरी प्रयोगमा ल्याउनु पर्नेछ ।
४. प्रत्येक लटको (लट भन्नाले एक ब्याचमा निस्केका चल्लाहरु मध्येको एक समुहका चल्ला बुझ्नु पर्दछ) चल्ला वितरण गरेपछि वितरण कक्षको निःसंक्रमण गर्ने र कामदारले नुहाएर कपडा बदल्नु पर्नेछ ।
५. प्रत्येक लटको ढुवानी गर्ने साधनलाई, ढुवानी अघि पछि पनि सफा र निःसंक्रमण गरेको हुनु पर्नेछ ।

## अण्डा र ह्याचिङ मेशिनको सरसफाईः

क) सिफारीस गरिएका केमिकल्सबाट फ्युमीगेसन गर्नु पर्नेछ  वा
ख) निःसंक्रमण गर्ने झोलपदार्थ चल्ला कोरल्ने अण्डामा छर्कने वा डुवाउने  वा
ग) पशु सेवा विभागको आधिकारीक निकायले उपयुक्त ठहऱ्याएको अन्य तरीका अपनाउन सकिनेछ ।

## ह्याचरीमा फ्यूमिगेसन गर्ने विधिः

१. अण्डा सेटिङ गर्ने इन्कुवेटरमा फ्यूमिगेसन गर्नेः
२. ह्याचिङ मेशिनमा भएका अण्डाहरुलाई फ्यूमिगेसन गर्नेः

**नोटः** ह्याचरीमा फ्यूमिगेसन गर्ने विधिको विस्तृत विवरण अनुसूचि– १ मा दिईएको छ । समितिले अनुसूचिलाई समय सापेक्ष परिमार्जन गर्न सक्नेछ ।

# अनुसूचि–१

अण्डा, अण्डा राख्ने ट्रे, ह्याचिङ मेशिन र अन्य ह्याचरीका उपकरणहरुलाई पहिला सफा गरेर फर्मलडिहाईड ग्याँसबाट निःसंक्रमण गरेमा रोगका किटाणु प्रभावकारी रुपमा नास हुने हुदा यस विधिलाई प्राथमिकता दिन सकिनेछ । फयूमिगेसन गर्दा पोल्ट्री ब्रिडिङ फार्म निःसंक्रमण गर्दा प्रयोग गर्ने तरिका अपनाउनु पर्नेछ । फयूमिगेसन गर्नुपर्ने अण्डालाई तारको ऱ्याक वा बास्केटमा राख्नु पर्दछ जसले गर्दा फर्मलडिहाइड ग्याँस अण्डामा सजिलैसंग बिना रुकावट पुग्न सक्दछ ।

## १. अण्डा सेटिङ गर्ने इन्कुवेटरमा फ्यूमिगेसन गर्नेः

अण्डा सेट गरेको १२ घण्टाभित्रमा फ्यूमिगेसन गरिसक्नु पर्दछ । मेशिनको तापक्रम र आर्द्रता मेशिन संचालन गर्ने अवस्था कै जस्तो हुनु पर्दछ । फ्यूमिगेसन गर्दा मेशिनको ढोका र भेन्टीलेटर बन्द गर्नु पर्दछ । मेशिन भित्रको पंखा चलाई रहनु  पर्दछ । यसरी २० मिनेटसम्म फ्यूमिगेसन गर्नु पर्दछ । फ्यूमिगेसनको समय समाप्त भएपछि भेन्टीलेटर खोलेर ग्याँस बाहिर फालि दिनु पर्दछ ।

### सावधानी

चल्ला उत्पादन गर्ने मेशिनमा राखिएको वा इन्कुवेसन गरिएको २४–९६ घण्टा पछि फ्यूमिगेसन कदापी गर्नु हुदैन । फ्यूमिगेसन गर्नाले भ्रूणको मृत्यु (Embryo Mortality) हुन सक्दछ ।

## २. ह्याचिङ मेशिनमा भएका अण्डाहरुलाई फ्यूमिगेसनः

समय र परिस्थिती अनुसार अण्डाहरुलाई सेटिङ मेशिनबाट ह्याचिङ मेशिनमा राखी सकेपछि र १० प्रतिशत चल्लाहरुले अण्डाको बोक्रा फुटाउनु भन्दा अगावै फ्यूमिगेसन गर्न सकिनेछ । अण्डाहरु ह्याचिङ मेशिनमा सार्ने काम भैसकेपछि ह्याचिङ मेशिनलाई आवश्यक तापक्रम र आर्द्रतामा ल्याउनु पर्दछ । भेन्टीलटरहरु सबै बन्द गर्नु पर्दछ । त्यसपछि फ्यूमिगेसन शुरु गर्नु पर्दछ र फ्यूमिगेसन गरि सके पछि पंखा चलाउनु पर्दछ । फ्यूमिगेसन गर्नको लागी २५ मिलीलिटर फर्मालिन र १२.५ ग्राम पोटासियम परम्याग्नेट प्रति क्यूविक मिटर क्षेत्रफलमा प्रयोग गर्नु पर्दछ । फ्यूमिगेसनको समय २० मिनटसम्म हुनेछ ।

## ३. इन्कुवेटर र ह्याचीङ मेशिनको फ्यूमिगेसनः

अडा तथा चल्लाहरु निकाली सकेपछि मेशिनलाई राम्रोसंग सफा र निःसंक्रमण गर्नु पर्दछ । मेशिन भित्र रहेका सबै ट्रे हरुलाई झिकेर बाहिर राख्ने र निःसंक्रमण गरिएका ट्रे हरु राख्नु पर्दछ । नयाँ अण्डाहरु सेट गर्नको लागि तयारी गर्नु पर्दछ । मेशिनको ढोका र भेन्टीलेटरहरु बन्द गर्नु पर्दछ । तापक्रम र आर्द्रता मेशिन चालु गर्ने अवस्थाको जस्तै कायम राख्नु पर्दछ ।

फ्यूमिगेसन गर्ने अवधि कम्तीमा ३ घण्टा देखि १२ घण्टासम्म हुनु पर्दछ । फर्मालिन र पोटासियम परम्याग्नेटको मात्रा ५३ मिलिलिटर फर्मालिन (३७.५ प्रतिशत) र ३५ ग्राम पोटासियम परम्याग्नेट प्रति क्यूविक मिटर क्षेत्रफलको हिसावले प्रयोग गर्नु पर्दछ । फ्यूमिगेसन गरी सकेपछि मेशिनलाई पूरा खोलीदिनु पर्दछ ।

### सावधानीः

उपरोक्त विधि चल्ला काढ्ने अण्डा नभएको खाली मेशिनको लागि मात्र प्रयोग गरिन्छ । अण्डा वा चल्ला भएको मेशिनमा माथी उल्लेख गरिएको समयसम्म फ्यूमिगेसन गर्नु हुदैन ।

## ४. फर्मलडीहाईड ग्याँसलाई प्रभावहिन (Neutralisation) गर्नेः

फर्मलडीहाईड ग्याँसलाई तुरुन्त प्रभावहिन गर्नु परेमा प्रयोग गरेको फर्मालिनको आधा मात्रा मात्र २५ प्रतिशत एमोनियम हाइड्रोअक्साईड (Ammonium hydroxide) को झोल प्रयोग गर्नु पर्दछ । मेशिनको तल्लो भागमा उक्त रसायन खन्याई मेशिनको ढोका तूरुन्त बन्द गर्नु पर्दछ ।